नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८१/०८२

चलानी नं.: ३५२

मितिः२०८२/०२/१६

नेपाल संवत् ११४५

**विषयः- सामुदायिक संस्थाहरुमा लगानी भएका घुम्ती कोषको व्यवस्थापन तथा अद्यावधिक विवरण उपलब्ध गराउने सम्बन्धमा ।**

श्री स्थानीय तहहरु (पत्रमा उल्लिखित ५५१ वटा)।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गरिबी निवारण कोष अभिलेख व्यवस्थापन कार्यक्रमको च.नं. १३१५, मिति २०८२/०२/१२ को सामुदायिक संस्थाहरुमा लगानी भएका घुम्ती कोषको व्यवस्थापन तथा अद्यावधिक विवरण उपलब्ध गराउने सम्बन्धी पत्र र सोसाथ प्राप्त गरिबी निवारण कोषद्वारा प्रवर्द्धित सामुदायिक संस्था तथा साना पूर्वाधार विकास आयोजना सञ्चालन सम्बन्धी सामान्य मार्गदर्शन, २०७५ र विवरणको ढाँचा आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

**नोटः- माग बमोजिमको विवरण संलग्न ढाँचा अनुसार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गरिबी निवारण कोष अभिलेख व्यवस्थापन कार्यक्रमको इमेल (pacpmolmcpa@gmail.com) मा उपलब्ध गराई दिनुहुन।**

२/१६

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः-

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गरिबी निवारण कोष अभिलेख व्यवस्थापन कार्यक्रम, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५

# नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(गरिबी निवारण कोष अभिलेख व्यवस्थापन कार्यक्रम)

सिंहदरबार, काठमाडौं

पत्र संख्याः-२०८१/८२
च.नं. 1397

मितिः २०८२।०२।१२
नेपाल संवत् ११४५

सङ्घीय मामिला तथा सामान्य प्रशासन
दर्ता नं.:- 3864
दर्ता मितिः- 2/13

विषयः- विवरण उपलब्ध गराउने सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

प्रस्तुत विषयमा तत्कालीन गरिबी निवारण कोषबाट सामुदायिक संस्थाहरुमा लगानी भएका स्थानीय तहहरुको नामावली यसै पत्रसाथ संलग्न गरिएको छ। तत्कालीन गरिबी निवारण कोष सञ्चालक समितिको ७०औं बैठकबाट स्विकृत मार्गदर्शन अनुसार कोषबाट लगानी भएका घुम्ती कोषहरु र परियोजनाहरु व्यवस्थापन गर्नुका साथै सामुदायिक संस्थाहरुको घुम्ती कोषको अद्यावधिक विवरण यस मन्त्रालयलाई १५ दिनभित्र email : pacpmolmcpa@gmail.com मार्फत उपलब्ध हुने व्यवस्था मिलाउन तहाँ मन्त्रालय मार्फत सम्बन्धित स्थानीय तहहरुलाई परिपत्र गरिदिनुहुन यस मन्त्रालयको मिति २०८२।०२।१२ को (नि. सचिवस्तरीय) निर्णयानुसार अनुरोध छ ।

सरोज भुसाल
शाखा अधिकृत

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५

नेपाल सरकार
# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
(गरिबी निवारण कोष अभिलेख व्यवस्थापन कार्यक्रम)

सिंहदरबार, काठमाडौं

पत्र संख्याः-२०८१/८२
च.नं. १३१६

मितिः २०८२।०२।१२
नेपाल संवत् ११४५

विषयः- सामुदायिक संस्थाहरुमा लगानी भएका घुम्ती कोषको व्यवस्थापन तथा अद्यावधिक विवरण उपलब्ध गराउने सम्बन्धमा ।

श्री गरिबी निवारण कोषको रकम लगानी भएका,
स्थानीय तहहरु (५५१ वटा) सबै ।

प्रस्तुत विषयमा तत्कालीन गरिबी निवारण कोषबाट सामुदायिक संस्थाहरुमा लगानी भएका घुम्ती कोषहरूको प्रभावकारी परिचालन सम्बन्धमा सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सतर्कता केन्द्र लगायतबाट अद्यावधिक विवरण समयसमयमा माग हुने गरेको छ। यसै अनुरुप, गरिबी निवारण कोषबाट सामुदायिक संस्थाहरुमा लगानी भएका घुम्ती कोषहरूको २०७५ सम्मको विवरण तहाँ सम्बन्धित स्थानिय तहहरुको औपचारिक email मा यस मन्त्रालयको email : pacpmolmcpa@gmail.com बाट पत्राचार गरी सकिएको छ ।

अतः तत्कालीन गरिबी निवारण कोष सञ्चालक समितिको ७०औं बैठकबाट स्विकृत मार्गदर्शन अनुसार कोषबाट लगानी भएका घुम्ती कोषहरु र परियोजनाहरु व्यवस्थापन गर्नुहुनका साथै सामुदायिक संस्थाहरुको घुम्ती कोषको अद्यावधिक विवरण यस मन्त्रालयलाई १५ दिनभित्र email : pacpmolmcpa@gmail.com मार्फत उपलब्ध गराउनुहुन यस मन्त्रालयको मिति २०८२।०२।१२ को (नि. सचिवस्तरीय) निर्णयानुसार अनुरोध छ ।

सरोज भुसाल
शाखा अधिकृत

बोधार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।

| क्र. सं. | स्थानीय तहको नाम | स्थानीय तहको सम्पर्क व्यक्तिको नामथर, पद र सम्पर्क नं. | सामुदायिक संस्थाको नाम | सामुदायिक संस्थाको ठेगाना | सञ्चालनमा रहे/नरहेको | घुम्तिकोषको अवस्था/रकम | सामुदायिक संस्थाका सदस्य संख्या | | संस्थाका सम्पर्क व्यक्तिहरुको नामथर र ठेगाना | संस्थाका सम्पर्क व्यक्तिहरुको सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | महिला | पुरुष | | | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | |

अनुसूची-२

(निर्णय नं. ३(ख) सँग सम्बन्धित)

# गरिबी निवारण कोषद्वारा प्रवर्द्धित सामुदायिक संस्था तथा साना पूर्वाधार विकास आयोजना सञ्चालन सम्बन्धी सामान्य मार्गदर्शन, २०७५

## १. पृष्ठभूमिः

आर्थिक रूपमा विपन्न तथा बञ्चितिकरणमा परेका वर्ग र समुदायलाई विकास प्रक्रियामा मूल प्रवाहीकरण गरी गरिबी निवारणमा योगदान पुऱ्याउने उद्देश्यले २०६० सालमा गरिबी निवारण कोषको स्थापना भएको हो। गरिबी निवारण कोष ऐन, २०६३ जारी भएपछि तदनुसार कोषको सञ्चालन र व्यवस्थापन हुँदै आएको छ। हाल कोषको कार्यक्रम विभिन्न ६४ जिल्लाका ५५१ वटा स्थानीय तहमा विस्तार भएको छ । कोषको कार्यक्रम सञ्चालनका लागि प्रारम्भदेखि नै नेपाल सरकार र विकास साझेदारहरू बीच स्रोत परिचालनमा साझेदारी रहँदै आएको थियो। मूलतः विश्व बैङ्क र पछिल्लो चरणमा कृषि विकासका लागि अन्तर्राष्ट्रिय सहयोग नियोग (IFAD) तथा जापान सामाजिक विकास कोष (JSDF) बाट समेत कोषलाई वित्तीय सहयोग प्राप्त भएको थियो ।

नेपालको संविधान जारी भए पश्चात् मुलुक सङ्घीय संरचनामा प्रवेश गरेको र नेपाल सरकार तथा विश्व बैङ्क बिचको दोस्रो चरणको सहायताको कार्यान्वयन अवधि सन् २०१८ को डिसेम्बर ३१ देखि पूरा भएको अवस्थालाई समेत दृष्टिगत गरी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७५ ७/२५ मा गरिबी निवारण कोषको पुनर्संरचना सम्बन्धी कार्ययोजना स्वीकृत भई तदनुरूपका कार्यहरू भइरहेका छन् । कोषको मुख्य साझेदारको रूपमा रहेको विश्व बैङ्कसँगको सहायता सम्झौताको अवधि पूरा भएको र स्थानीय तहको निर्वाचन सम्पन्न भई संविधान बमोजिम स्थानीय तह क्रियाशील भइसकेको अवस्थामा कोषका कार्यक्रमहरू साविककै ढाँचा (Modality) बाट सञ्चालन गर्न उपयुक्त नदेखिएको हुँदा कोष अन्तर्गत करारमा कार्यरत सम्पूर्ण कर्मचारीहरूसँगको सम्झौता सन् २०१९ को जनवरी १ (तदनुसार मिति २०७५/०९/१७) देखि अन्त्य भईसकेको छ ।

स्थापना कालदेखि हालसम्म गरिबी निवारण कोष ऐन, २०६३; गरिबी निवारण कोष नियमावली, २०६४ तथा कार्यविधिहरूको परिधिभित्र रही बत्तीस हजारभन्दा धेरै सामुदायिक संस्थाहरू गठन भएका र ती संस्थाहरूमार्फत करिव पाँच हजार छ सय साना पूर्वाधार विकास आयोजना निर्माण गरी लक्षित समुदायको आयआर्जन, क्षमता विकास, सामाजिक परिचालन र सामुदायिक भौतिक पूर्वाधार विकासका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल हुन सकेको छ । कार्यक्रमबाट आर्थिक तथा

सामाजिक दृष्टिकोणले पछि परेका खासगरी महिला, दलित, आदिवासी जनजाति, मधेसी तथा सिमान्तकृत समुदायको उत्थानमा महत्वपूर्ण योगदान पुगेको छ । सामुदायिक संस्थाहरूको माध्यमबाट घुम्ती कोष परिचालन गरी गरिबी निवारण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारमार्फत उपलब्ध अनुदान र संस्थाका सदस्यहरूको योगदान समेत गरी हालसम्म करिब १९ (उन्नाइस) अर्ब बराबरको वित्तीय स्रोत परिचालनमा रहेको छ। यसका अतिरिक्त गरिबी निवारणका क्षेत्रमा कोषद्वारा सञ्चालित कार्यक्रमको प्रभावबाट सामाजिक पुँजी निर्माणमा पनि ठूलो योगदान पुगेको छ ।

साविकमा गरिबी निवारण कोष कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम कोषले साझेदार संस्था छनौट गरी साझेदार संस्थामार्फत समुदायस्तरमा सहजकर्ताको रूपमा कामकाज गर्न सामाजिक परिचालकहरू खटाइएको थियो। स्थानीय तहको निर्वाचन पश्चात् स्थानीय तहहरु क्रियाशील हुँदै गएको र कोषलाई प्राप्त हुने वैदेशिक सहायताको सम्झौता पनि समाप्त हुने भएकोले कोषको पुनर्संरचना एवम् स्थानीय तहको अग्रसरतालाई सहज तुल्याउन सम्वत् २०७४ साल चैत्र मसान्तपछि त्यस्ता साझेदार संस्थाहरू परिचालन गरिएका छैनन्। साझेदार संस्थाहरूको अनुपस्थितिमा ती संस्थाहरूले गर्दै आएको कामकाज केही हदसम्म कार्य प्रबन्धक (Portfolio Manager) हरूबाट हुँदै आएकोमा कार्य प्रबन्धकहरू पनि मिति २०७५/९/१७ देखि कार्यरत रहेका छैनन्।

नेपालको संविधान अनुसार गरिबी निवारण सम्बन्धी कार्यहरू सरकारका तीनवटै तहको कार्यक्षेत्र अन्तर्गत रहेको भए तापनि सामुदायिक संस्थाहरू गठन तथा परिचालन जस्ता कार्यहरू स्वभावतः स्थानीय तहको कार्य क्षेत्रभित्र पर्ने देखिन्छन्। गरिबी निवारण कोषद्वारा समुदायस्तरमा सञ्चालित कार्यक्रमहरूको प्रकृति हेर्दा त्यस्ता कार्यक्रमहरू स्थानीय तहबाटै सञ्चालन हुँदा थप प्रभावकारी समेत हुन्छन् । स्थानीय तहले गरिबी निवारण कोषको कार्यक्रम मार्फत सिर्जना भएको सामाजिक पुँजी तथा साना पूर्वाधारको संरक्षण गर्ने, सामुदायिक संस्था वा ऋणको रूपमा व्यक्तिहरूसँग रहेको घुम्ती कोषको परिचालनमा सहजीकरण गर्ने, समूहका सदस्यहरूमा ज्ञान, सीप तथा उद्यमशीलताको विकास गर्ने, उनीहरूको आयआर्जन तथा रोजगारीका अवसर सिर्जना गर्ने जस्ता कार्यहरूमा प्रोत्साहित गर्दा ती क्षेत्रमा रहेको गरिबी न्यूनीकरणका लागि आधार तयार हुन्छ ।

यसै तथ्यलाई समेत दृष्टिगत गरी नेपाल सरकार (मन्त्रिपरिषद्) ले मिति २०७५/०७/२५ मा गरिबी निवारण कोषको पुनर्संरचनाका लागि स्वीकृत गरेको कार्ययोजनाको बुँदा नं. ४.१ मा कोषद्वारा प्रवर्द्धित सामुदायिक संस्थाहरूको घुम्ती कोषसहितको विस्तृत विवरण स्थानीय तहलाई उपलब्ध गराउने भन्ने उल्लेख भएको छ ।साथै, बुँदा नं. ४.४ मा कोषले विकास गरेका साना पूर्वाधार विकास आयोजनाहरूको लगत विवरण सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्ने, निर्माणाधीन त्यस्ता साना पूर्वाधार विकास संरचनाहरू चालु आर्थिक वर्षभित्रै सम्पन्न गर्न प्राथमिकता दिने र कुनै

संरचना चालु आर्थिक वर्षमा सम्पन्न हुन नसकेको खण्डमा आगामी वर्षमा ससर्त अनुदानसहित सम्बन्धित गाउँपालिका वा नगरपालिकामा स्रोत र जिम्मेवारी सहित हस्तान्तरण गर्ने भन्ने उल्लेख भएको छ।

गरिबी निवारण कोष कार्यक्रम लागू भएका जिल्ला र स्थानीय तहको विवरण अनुसूची–१ मा संलग्न रहेको छ। सामुदायिक संस्थाहरूको घुम्ती कोषसमेतको विवरण अनुसूची–२ तथा साना पूर्वाधार विकास आयोजनाको विवरण अनुसूची–३ मा उल्लेख गरिएको छ । गरिबी निवारण कोषद्वारा प्रवर्द्धित सामुदायिक संस्थाका सदस्यहरु आबद्ध सहकारी संस्थाहरुको सुची पनि अनुसूची–४ र पकेट क्षेत्र विकास कार्यक्रमको विवरण अनुसूची–५मा उल्लेख गरिएको छ।

## २.स्थानीय तहको भूमिका :

गरिबी निवारण कोषद्वारा प्रवर्द्धित सामुदायिक संस्थाहरूको माध्यमबाट समुदायका अति गरिब, दलित, अल्पसङ्ख्यक जनजाति, बहुविपन्न महिला, सीमान्तकृत वर्ग र अत्यन्त पिछडिएका परिवारहरूका लागि उत्पादनशील एवम् स्वःआर्जनको वातावरण निर्माण गर्ने कार्यमा स्थानीय तहबाट सहयोग र सहजीकरण हुन आवश्यक छ। त्यस्ता सामुदायिक संस्थाहरू एवं त्यहाँ रहेको घुम्ती कोषको दिगो र प्रभावकारी परिचालनका लागि स्थानीय तह (गाउँपालिका/नगरपालिका) हरुले निम्नानुसारको कार्यहरु सम्पादन गर्नु पर्ने हुन्छ ।

### २.१ अभिलेख व्यवस्थापन :

क) गरिबी निवारण कोषले उपलब्ध गराएको विवरणको आधारमा स्थानीय तहभित्र गठन भएका सामुदायिक संस्थाहरू तथा ती संस्थाहरूमार्फत परिचालनमा रहेको घुम्ती कोषको अभिलेख अद्यावधिक गर्ने।

ख) स्थानीय तहमा गरिबी निवारण कोषद्वारा प्रवर्द्धित समुदायिक संस्थाको व्यवस्थापनका लागि सहकारी शाखालाई छुट्टै जिम्मेवारी दिई अभिलेख व्यवस्थापन गर्ने गराउने।

ग) गरिबी निवारण कोषबाट उपलब्ध विवरण अनुसारका संस्थाहरू समुदायमा अस्तित्वमा रहे नरहेको वा उपलब्ध विवरण भन्दा घटी वा बढी संख्याका संस्थाहरु भएको अवस्थाको समेत यकिन गरी अभिलेख अद्यावधिक गर्नका लागि गरिबी निवारण कोष कार्यक्रमका साविकका साझेदार संस्थाहरूसँग समेत समन्वय गर्नु पर्नेछ। सामुदायिक संस्थाको अभिलेख अद्यावधिक गर्दा अनुसूची–२ मा प्रयुक्त फारामको ढाँचामा गर्न सकिनेछ ।

घ) गरिबी निवारण कोष कार्यक्रम अन्तर्गत गठन भई सहकारी संस्थाको सदस्य भएका तथा सहकारी संस्थामा रूपान्तरण भएका सामुदायिक संस्थाहरूको सञ्चालन अवस्था खुल्ने गरी विवरण सङ्कलन गर्नुका साथै अनुसूची–२ बमोजिमको लगतमा समेत जनाइराख्ने ।

ङ) गरिबी निवारण कोष कार्यक्रम अन्तर्गत निर्माण सम्पन्न भएका र निर्माणाधीन साना पूर्वाधार विकास आयोजनाहरूको अभिलेख अद्यावधिक गर्ने। आयोजनाहरूको विवरण अद्यावधिक गर्दा अनुसूची–३ बमोजिमको अभिलेखलाई आधार मान्न सकिनेछ।

च) निर्माण कार्य पूरा भएका आयोजनाहरूको हकमा मर्मत–सम्भार कोषको उपयोग गरी नियमित रूपमा मर्मत–सम्भार एवं चालु हालतमा भए नभएको यकिन गरी त्यस्ता आयोजनाहरूको नियमित सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाउने।

छ) निर्माणाधीन आयोजनाहरूको हकमा सम्बन्धित सामुदायिक संस्थाबाट आयोजनाको विस्तृत ड्रइङ, डिजाइन तथा लागत अनुमान लिई अलग्गै विवरण तयार पार्ने।

ज) सामुदायिक संस्थाहरूको सञ्चालन अवस्था खुल्ने अन्य सान्दर्भिक सूचनाहरु समेत अद्यावधिक गर्ने।

## २.२ कार्य सञ्चालनमा सहजीकरणः

क) सामुदायिक संस्थाहरूको मासिक बैठक सञ्चालन, बैठकको निर्णय लेखन र त्यसको अभिलेख राख्ने कार्यमा सहयोग पुऱ्याउने।

ख) गरिबी निवारण कोष कार्यक्रम सञ्चालन निर्देशिका, २०६७ तथा सम्बन्धित सामुदायिक संस्थाको विधानमा भएको व्यवस्था अनुसार सामुदायिक संस्थाहरुको वार्षिक साधारण सभा भए नभएको, साधारण सभाबाट नेतृत्व परिवर्तन भए नभएको र नेतृत्व समावेशी भए नभएको हेरी तत्सम्बन्धमा आवश्यक सहजीकरण गर्ने।

ग) सामुदायिक संस्थाहरूको काम कारवाहीमा स्वीकृत विधानको पूर्ण रूपमा पालना सुनिश्चित गर्न नियमित रूपमा पृष्ठपोषण दिने।

घ) सामुदायिक संस्थाहरूको विविध प्रकृतिको तथ्याङ्क अभिलेखीकरण गर्ने कार्यमा सहयोग गर्ने।

२.३ घुम्ती कोषको परिचालन :

क) सामुदायिक संस्थाका सदस्यहरूको गरिबी निवारणका लागि घुम्ती कोषको परिचालन अक्षय कोषको रूपमा मात्र गर्ने व्यवस्था मिलाउने।

ख) सामुदायिक संस्थाका सदस्यहरूले घुम्ती कोषबाट लिएको कर्जा तोकिएको समयमा तिरे/नतिरेको विवरण अद्यावधिक गराउने।

ग) घुम्ती कोषबाट लगानी गरेको कर्जाको नियमितरूपमा फिर्ता गर्ने र फिर्ता हुन नसकेको अवस्थामा त्यस्तो कर्जाको वर्गीकरण गरी उठ्न नसकेको कर्जा उठाउने कार्यमा सहयोग पुऱ्याउने।

घ) लगानी गरेको रकम नउठ्ने (Bad Debt) देखिएमा निर्धारित आधार र प्रक्रिया बमोजिम अपलेखन (Write-off) गरी कोषको हिसाब अद्यावधिक राख्ने।

ङ) ऋणको भाखा नाघेकोमा वा ढिलो गरी तिरेकोमा त्यस्तो सदस्यको समस्या पहिचान गरी समाधानको उपाय पत्ता लगाई सुझाव दिने।

च) घुम्ती कोषको परिचालनबाट आयआर्जन गर्ने खालका नयाँ व्यवसायहरू सुरु गर्ने, विकास गर्ने तथा विविधीकरण गर्ने काममा सहभागितामूलक ढङ्गबाट सहजीकरण गरी सामुदायिक संस्थाका सदस्यहरूको क्षमता विकास गराउने।

छ) घुम्ती कोषको परिचालन र उपयोगमा समुदायका सीमित सदस्यहरूको मात्र प्रभाव रहे नरहेको हेरी समतामूलक व्यवहारका लागि अभिप्रेरणा दिने।

२.४ स्थानीय तहको योजना तर्जुमा :

क) स्थानीय तहको आवधिक तथा वार्षिक योजना तर्जुमा प्रक्रियामा सामुदायिक संस्थाका प्रतिनिधिहरूलाई सहभागी गराउने व्यवस्था गर्ने।

ख) सामुदायिक संस्थाका सदस्यहरूको आयआर्जन तथा उद्यमशीलता विकास सम्बन्धी कार्यक्रममा सहयोग पुग्ने गरी योजना तर्जुमा गर्न आवश्यक सहजीकरण गर्ने।

ग) सामुदायिक संस्थाका सदस्यहरूको आयआर्जनका लागि व्यावसायिक योजना तर्जुमा र कार्यान्वयन गर्न प्राविधिक सहयोग प्रदान गर्ने।

घ) योजना तर्जुमा गर्दा गरिबी निवारण कोषद्वारा प्रारम्भ गरिएका निर्माणाधीन अवस्थाका अधुरा आयोजनाहरू सम्पन्न गर्न प्राथमिकता दिने।

ङ) अधुरा आयोजनाहरू पूरा गर्नका लागि आवश्यक पर्ने बजेट विनियोजन गरी निर्माण सम्पन्न गर्न प्राविधिक सहयोग उपलब्ध गराउने। यस्ता अधुरा आयोजनाहरूको निर्माण सम्पन्न भए पश्चात् समुदायमा हस्तान्तरण गरी सञ्चालन हुने व्यवस्था मिलाउने।

च) सामुदायिक संस्थाका सदस्यहरूको आयआर्जन तथा उद्यमशीलता प्रवर्द्धन सम्बन्धी क्रियाकलापहरूको छनौट एवं प्राथमिकीकरणको प्रक्रियामा सहजीकरण गर्ने।

छ) तालिम तथा क्षमता विकासका कार्यक्रम मार्फत सामुदायिक संस्थाका सदस्यहरूलाई पेसा, व्यवसाय गर्न, आयआर्जन गर्न र सिर्जनशील कार्यमा लाग्न उत्प्रेरित गर्ने।

ज) योजना तथा कार्यक्रम तर्जुमा गर्दा गरिबमुखी नीति अवलम्बन गर्दै साविकमा गरिबी निवारण कोषबाट सञ्चालन भएका गरिबी निवारण सम्बन्धी कार्यक्रमहरूलाई स्थानीय तहमा आन्तरिकिकरण गर्ने।

## २.५ तालिम तथा सिप विकास :

क) सामुदायिक संस्थाका सदस्यहरूको आवश्यकता र मागमा आधारित तालिम तथा सीप विकास सम्बन्धी क्रियाकलापहरूलाई स्थानीय तहको योजना प्रक्रियामा समावेश गर्ने।

ख) सामुदायिक संस्थाका सदस्यहरूलाई नेतृत्व विकास तथा आय आर्जन सम्बन्धी गतिविधिमा सहयोग पुग्ने खालका तालिम कार्यक्रमहरूमा सहभागी गराउने।

ग) पिछडिएको समुदायको आयआर्जन र रोजगारीका लागि नवीनतम सीप र दक्षता विकासका अवसरहरूको खोजी गर्ने।

घ) सदस्यहरूलाई सहकारी तथा सामुदायिक संस्था व्यवस्थापनका लागि आधारभूत तालिमको व्यवस्था गर्ने।

## २.६ सामुदायिक संस्थाको आर्थिक कारोवारको निरीक्षण :

क) सदस्यहरूलाई सामुदायिक संस्थाको आय–व्ययको अभिलेख निर्धारित ढाँचामा राख्ने कार्यमा सहयोग पुऱ्याउने।

ख) सामुदायिक संस्थाको आर्थिक कारोबारको लेखा राख्ने कार्यमा एकरुपता ल्याउन सहयोग र सहजीकरण गर्ने ।

ग) सामुदायिक संस्थाको कोष सामूहिक उत्थानका लागि मात्र प्रयोग गर्नुपर्ने व्यवस्थाको पालना भए नभएको अनुगमन गरी कोषको रकम मनोमानी ढङ्गले वा आपसमा बाँडफाँड गरी लिन वा

दामासाहीले खर्च गर्न नदिने र पहिले त्यस्तो भएको भए दुरुपयोग गर्ने सदस्यसँगबाट असुल उपर गर्न लगाउने।

घ) सामुदायिक संस्थाको आय–व्ययको हिसाब दुरुस्त भए नभएको हेरी, नभएको भए दुरुस्त गराउने।

ङ) सामुदायिक संस्थाको आय–व्ययको लेखापरीक्षण गराउने कार्यमा सहजीकरण गर्ने।

च) लेखापरीक्षण प्रतिवेदनमाथि सामुदायिक संस्थाको साधारण सभाले छलफल गरी पारित गराउने व्यवस्था मिलाउने।

छ) सामुदायिक संस्थाको नाममा बैङ्कमा खुलेका खाताहरूको सञ्चालन, खाता सञ्चालकहरूको हेरफेर तथा समय–समयमा ग्राहक पहिचान (KYC) अद्यावधिक गर्ने कार्यमा आवश्यकतानुसार सम्बन्धित बैङ्कमा सिफारिस गर्ने।

**२.७ जिम्मेवारी तोक्ने :**

क) सामुदायिक संस्थाहरूको अभिलेख व्यवस्थापन, बैठक सञ्चालनमा सहजीकरण, घुम्ती कोष परिचालनमा सहयोग तथा सुपरिवेक्षण एवं प्रतिवेदन गर्ने लगायतका कार्यका लागि सहकारी शाखामा कार्यरत एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी सोको जानकारी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई गराउने।

ख) सम्पर्क व्यक्तिको रूपमा तोकिएको कर्मचारीलाई स्थानीय तहमा सञ्चालित गरिबी निवारणसँग सम्बन्धित कार्यक्रमको कार्यविवरण दिने।

ग) कर्मचारीको उपलब्धता भएसम्म वडागत रूपमा नै कर्मचारीलाई जिम्मेवारी तोक्ने र त्यसरी तोकिएका कर्मचारीले खण्ड (क) मा उल्लिखित सम्पर्क व्यक्तिसँग निकटतम सम्पर्कमा रही काम गर्ने ।

घ) सम्पर्क व्यक्तिले घुम्ती कोषको मासिक तथा चौमासिक प्रतिवेदन तयार पार्ने। भाखा नाघेको ऋण भएमा त्यस्तो ऋण उठाउन सामुदायिक संस्थालाई सहयोग गर्ने।

ङ) सम्पर्क व्यक्तिलाई गरिबी निवारणसम्बन्धी समग्र कार्यको तथ्याङ्क–आधार (Data Base) अद्यावधीकरण एवं प्रतिवेदनको जिम्मेवारी दिने।

**२.८ सामुदायिक संस्थालाई प्रोत्साहनः**

आफ्नो क्षेत्रभित्रका सामुदायिक संस्थाहरूको कार्यसम्पादन मापनका लागि वस्तुगत सूचकहरू विकास गरी सोको आधारमा मूल्याङ्कन गर्ने।

क) मूल्याङ्कनबाट उत्कृष्ट, सामान्य र कमजोर कार्यसम्पादन भएका संस्थाहरू छुट्याउने।

ख) कार्यसम्पादन मूल्याङ्कनबाट उत्कृष्ट देखिएका संस्थाहरूलाई प्रोत्साहित गर्ने, पुरस्कृत गर्ने र अन्य संस्थाहरूको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउने।

## २.९ प्रतिवेदन,अनुगमन तथा मूल्याङ्कनः

क) सामुदायिक संस्थाहरूबाट नियमित रूपमा मासिक, चौमासिक र वार्षिक प्रतिवेदन लिई भए गरेका कार्यहरूको समीक्षा गरी पृष्ठपोषण दिने।

ख) सामुदायिक संस्थाका सदस्यहरू बीचमा घुम्ती कोष परिचालन वा अन्य कुनै विषयमा विवाद उत्पन्न भएमा वा कुनै सदस्यले कुनै विषयमा गुनासो गरेमा त्यस्तो विवादको समाधान वा गुनासो सम्बोधनका लागि विधिसम्मत व्यवस्था मिलाउन आवश्यक निर्देशन दिने।

ग) अति विपन्न समुदायमा जीविकोपार्जनका सम्भावना र अवरोधहरू पहिचान गर्ने कार्यमा सहयोग गर्ने।

घ) गरिबी निवारणका क्षेत्रमा सामुदायिक संस्थालगायत अन्य विभिन्न संस्था एवम् निकायहरूबाट सञ्चालित समग्र क्रियाकलापहरूको अनुगमन तथा सहजीकरणका लागि उपयुक्त व्यक्तिलाई जिम्मेवारी तोक्ने।

ङ) स्थानीय तहको आवधिक तथा वार्षिक समीक्षा हुँदा सामुदायिक संस्थातर्फका समष्टिगत गतिविधि प्रस्तुत गर्ने परिपाटी बसाल्ने।

च) वार्षिक रूपमा सामुदायिक संस्थाहरूको सामाजिक लेखापरीक्षण गर्ने कार्यमा सहजीकरण गर्ने।

छ) सामुदायिक संस्थाहरूको वार्षिक लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी त्यसमा औंल्याइएका त्रुटिहरू सुधार गर्न लगाउने।

ज) सामुदायिक संस्थाका सदस्यहरूमा सामूहिक जवाफदेहिताको भावना अभिवृद्धि गर्ने।

झ) सामुदायिक संस्थाहरूको चौमासिक तथा वार्षिक प्रतिवेदन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा पठाउने।

## २.१० विविधः

क) सामुदायिक संस्थाहरूलाई निजी उद्यम, सहकारी संस्थातथा गैरसरकारी संस्थाहरूसँग सम्पर्क र समन्वय गराई स्रोत परिचालनमा सहयोग गर्ने।

ख) गरिबी निवारणको क्षेत्रमा कार्यरत अन्य कोष वा कार्यक्रमहरूलाई एकीकृत रूपमा सञ्चालन गर्ने र घुम्ती कोषबाट नपुग हुने सहुलियतयुक्त ऋण परिचालन गर्न कार्ययोजना बनाउने।

ग) अपेक्षित स्तरमा नेतृत्व क्षमता विकासका साथै आवश्यक परिमाणमा व्यावसायिक उत्पादन भएपछिको चरणमा सामुदायिक संस्थालाई सहकारी कानून अन्तर्गत सदस्यहरूको आपसी व्यावसायिक कार्ययोजना अनुसारको बहुउद्देश्यीय वा विषयगत सहकारी संस्थाको रूपमा दर्ता गर्ने विकल्प खुला गर्ने।

घ) सामुदायिक संस्थाबाट उत्पादित वस्तु तथा सेवाको बजार पहुँचका लागि बजार सूचना उपलब्ध गराउनुका साथै समुदायका सदस्यहरूलाई बिचौलियाको प्रभावबाट मुक्त गर्ने।

ङ) आवश्यक अध्ययन, अनुसन्धान गरी सामुदायिक संस्थाबाट उत्पादित वस्तुको मूल्य शृङ्खला विकास (Value Chain Development) मा सहयोग गर्ने।

च) तुलनात्मक लाभका वस्तु तथा सेवाका सम्बन्धमा अध्ययन, अनुसन्धान गरी तिनको उत्पादनमा सामुदायिक संस्थाका सदस्यहरूलाई प्रोत्साहन दिने।

छ) शहरी आवश्यकतालाई ग्रामीण क्षेत्रको श्रम र परम्परागत सीपसँग जोड्दै परम्परागत ज्ञानको संरक्षण एवं संवर्धन गर्ने।

ज) साप्ताहिक वा अर्ध–साप्ताहिक हाट–बजार सञ्चालनको व्यवस्था मिलाई ग्रामीण क्षेत्रको उत्पादनलाई बजार पहुँच दिलाउने।

झ) आपसी अनुभव आदान–प्रदानका लागि सामुदायिक संस्थाका प्रतिनिधिहरूको वडास्तरीय सञ्जाल गठन गर्ने र उक्त सञ्जालका प्रतिनिधिहरू रहने गरी स्थानीय तहस्तरीय सञ्जालीकरणलाई समेत बढवा दिने।

ञ) वडास्तरीय सञ्जालको बैठक तीन महिनामा एक पटक बस्ने, बैठकको व्यवस्थापन वडा समितिले गर्ने र बैठकमा वडाध्यक्ष तथा वडा समितिका सदस्यहरू समेत उपस्थित हुने व्यवस्था मिलाउने।

ट) स्थानीय तहस्तरमा गठित सञ्जालको भेला वर्षको एक पटक आयोजना गर्ने व्यवस्था मिलाउने।

## २.११ विशेष अग्रसरताः

क) स्थानीय तहले नेपाल सरकार, प्रदेश सरकार तथा गरिबी निवारणको क्षेत्रमा क्रियाशिल संस्थाहरु समेतको सहयोगमा आफ्नो क्षेत्रको गरिबी न्यूनीकरण गर्न छुट्टै कोषको स्थापना गर्न सक्नेछ।

ख) सामुदायिक संस्थाको काम–कारबाईमा आवश्यक सहयोग एवं सहजीकरण गर्न स्थानीय तहले स्वयंसेवक परिचालन गर्न सक्नेछ।

ग) गरिबी निवारणका क्षेत्रमा क्रियाशील सामुदायिक सङ्घसंस्थाहरूको काम–कारबाईलाई व्यवस्थित र परिणाममुखी बनाउन स्थानीय तहले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ।

***

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| १ | | ताप्लेजुङ | फुङलिङ नगरपालिका, ताप्लेजुङ |
| २ | | | आठराई त्रिवेणी गाउँपालिका, ताप्लेजुङ |
| ३ | | | सिदिङ्वा गाउँपालिका, ताप्लेजुङ |
| ४ | | | फक्ताङलुङ गाउँपालिका, ताप्लेजुङ |
| ५ | | | मिक्वाखोला गाउँपालिका, ताप्लेजुङ |
| ६ | | | मेरिङदेन गाउँपालिका, ताप्लेजुङ |
| ७ | | | पाथिभरा याङवरक गाउँपालिका, ताप्लेजुङ |
| ८ | | | सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ |
| ९ | | पाँचथर | फिदिम नगरपालिका, पाँचथर |
| १० | | | फालेलुङ्ग गाउँपालिका, पाँचथर |
| ११ | | | फाल्गुनन्द गाउँपालिका, पाँचथर |
| १२ | | | हिलिहाङ गाउँपालिका, पाँचथर |
| १३ | | | कुम्मायक गाउँपालिका, पाँचथर |
| १४ | | | मिक्लाजुङ गाउँपालिका, पाँचथर |
| १५ | | | तुम्बेवा गाउँपालिका, पाँचथर |
| १६ | | | याङवरक गाउँपालिका, पाँचथर |
| १७ | | | विराटनगर महानगरपालिका, मोरङ |
| १८ | | | मिकलाजुङ्ग गाउपालिका मोरङ |
| १९ | | | लेटाङ नगरपालिका, मोरङ |
| २० | | | रतुवामाई नगरपालिका, मोरङ |
| २१ | | | सुनवर्षि नगरपालिका, मोरङ |

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| २२ | | मोरङ | बुढीगङ्गा गाउँपालिका, मोरङ |
| २३ | | | धनपालथान गाउँपालिका, मोरङ |
| २४ | | | ग्रामथान गाउँपालिका, मोरङ |
| २५ | | | जहदा गाउँपालिका, मोरङ |
| २६ | | | कटहरी गाउँपालिका, मोरङ |
| २७ | | | केराबारी गाउँपालिका, मोरङ |
| २८ | | | इनरुवा नगरपालिका, सुनसरी |
| २९ | | | रामधुनी नगरपालिका, सुनसरी |
| ३० | | | बराहक्षेत्र नगरपालिका, सुनसरी |
| ३१ | | | देवानगञ्ज गाउँपालिका, सुनसरी |
| ३२ | | सुनसरी | कोशी गाउँपालिका, सुनसरी |
| ३३ | | | गढी गाउँपालिका, सुनसरी |
| ३४ | | | बर्जु गाउँपालिका, सुनसरी |
| ३५ | | | भोक्राहा नरसिंह गाउँपालिका, सुनसरी |
| ३६ | | | हरिनगरा गाउँपालिका, सुनसरी |
| ३७ | | | म्याङलुङ्ग नगरपालिका, तेह्रथुम |
| ३८ | | | लालीगुराँस नगरपालिका, तेह्रथुम |
| ३९ | | | आठराई गाउँपालिका, तेह्रथुम |
| ४० | कोशी प्रदेश | तेह्रथुम | छथर गाउँपालिका, तेह्रथुम |
| ४१ | | | फेदाप गाउँपालिका, तेह्रथुम |
| ४२ | | | मेन्छयायेम गाउँपालिका, तेह्रथु |
| ४३ | | | भोजपुर नगरपालिका, भोजपुर |
| ४४ | | | षडानन्द नगरपालिका, भोजपुर |
| ४५ | | | टयाम्केमैयुङ्ग गाउँपालिका, भोजपुर |

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| ४६ | | भोजपुर | रामप्रसाद राई गाउँपालिका, भोजपुर |
| ४७ | | | अरुण गाउँपालिका, भोजपुर |
| ४८ | | | पौवादुङमा गाउँपालिका, भोजपुर |
| ४९ | | | साल्पासिलिसो गाउँपालिका, भोजपुर |
| ५० | | | आमचोक गाउँपालिका, भोजपुर |
| ५१ | | | हतुवागढी गाउँपालिका, भोजपुर |
| ५२ | | सोलुखुम्बु | सोलु दुधकुण्ड नगरपालिका, सोलुखुम्बु |
| ५३ | | | थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बु |
| ५४ | | | खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुखुम्बु |
| ५५ | | | माहाकुलुङ्ग गाउँपालिका, सोलुखुम्बु |
| ५६ | | | लिखुपिके गाउँपालिका, सोलुखुम्बु |
| ५७ | | | माप्पे दुधकोशी गाउँपालिका, सोलुखुम्बु |
| ५८ | | ओखलढुंगा | सिद्दिचरण नगरपालिका, ओखलढुंगा |
| ५९ | | | खिजिदेम्बा गाउँपालिका, ओखलढुंगा |
| ६० | | | चम्पादेवी गाउँपालिका, ओखलढुंगा |
| ६१ | | | चिशंखुगढी गाउँपालिका, ओखलढुंगा |
| ६२ | | | मानेभन्ज्याङ्ग गाउँपालिका, ओखलढुंगा |
| ६३ | | | मोलुङ्ग गाउँपालिका, ओखलढुंगा |
| ६४ | | | सुनकोशी गाउँपालिका, ओखलढुंगा |
| ६५ | | खोटाङ | हलेसी तुवाचुङ नगरपालिका, खोटाङ |
| ६६ | | | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटाङ |
| ६७ | | | ऐसेलुखर्क गाउँपालिका, खोटाङ |
| ६८ | | | जन्तेढुंगा गाउँपालिका, खोटाङ |
| ६९ | | | खोटेहाङ्ग गाउँपालिका, खोटाङ |

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| ७० | | | ककपिलासगढी गाउँपालिका, खोटाङ |
| ७१ | | | रावाबेंसी गाउँपालिका, खोटाङ |
| ७२ | | | वराहपोखरी गाउँपालिका, खोटाङ |
| ७३ | | उदयपुर | कटारी नगरपालिका, उदयपुर |
| ७४ | | | चौदण्डीगढी नगरपालिका, उदयपुर |
| ७५ | | | त्रियुगा नगरपालिका, उदयपुर |
| ७६ | | | बेलका नगरपालिका, उदयपुर |
| ७७ | | | ताप्ली गाउँपालिका, उदयपुर |
| ७८ | | | रौतामाई गाउँपालिका, उदयपुर |
| ७९ | | | लिम्चुङ्बुङ गाउँपालिका, उदयपुर |

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| १ | | सप्तरी | राजविराज नगरपालिका, सप्तरी |
| २ | | | कञ्चनरुप नगरपालिका, सप्तरी |
| ३ | | | डाक्नेश्वरी नगरपालिका, सप्तरी |
| ४ | | | बोदेबरसाइन नगरपालिका, सप्तरी |
| ५ | | | खडक नगरपालिका, सप्तरी |
| ६ | | | शम्भुनाथ नगरपालिका, सप्तरी |
| ७ | | | सुरुङ्गा नगरपालिका, सप्तरी |
| ८ | | | सप्तकोशी नगरपालिका, सप्तरी |
| ९ | | | अग्निसाइर कृष्णासवरन गाउँपालिका, सप्तरी |
| १० | | | छिन्नमस्ता गाउँपालिका, सप्तरी |
| ११ | | | महादेवा गाउँपालिका, सप्तरी |
| १२ | | | तिरहुत गाउँपालिका, सप्तरी |
| १३ | | | तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी |
| १४ | | | रुपनी गाउँपालिका, सप्तरी |
| १५ | | | राजगढ गाउँपालिका, सप्तरी |
| १६ | | | लहान नगरपालिका, सिराहा |
| १७ | | | धनगढीमाई नगरपालिका, सिराहा |
| १८ | | | सिरहा नगरपालिका, सिराहा |
| १९ | | | गोलबजार नगरपालिका, सिराहा |
| २० | | | मिर्चैयाँ नगरपालिका, सिराहा |
| २१ | | | कल्याणपुर नगरपालिका, सिराहा |
| २२ | | | कर्जन्हा नगरपालिका, सिराहा |

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| २३ | | सिराहा | सुखीपुर नगरपालिका, सिराहा |
| २४ | | | भगवानपुर गाउँपालिका, सिराहा |
| २५ | | | औरही गाउँपालिका, सिराहा |
| २६ | | | विष्णुपुर गाउँपालिका, सिराहा |
| २७ | | | बरियारपट्टी गाउँपालिका, सिराहा |
| २८ | | | लक्ष्मीपुर पतारी गाउँपालिका, सिराहा |
| २९ | | | नरहा गाउँपालिका, सिराहा |
| ३० | | | सखुवानान्कारकट्टी गाउँपालिका, सिराहा |
| ३१ | | | अर्नमा गाउँपालिका, सिराहा |
| ३२ | | | नवराजपुर गाउँपालिका, सिराहा |
| ३३ | | धनुषा | जनकपुर उपमहानगरपालिका, धनुषा |
| ३४ | | | क्षिरेश्वरनाथ नगरपालिका धनुषा |
| ३५ | | | गणेशमान चारनाथ नगरपालिका, धनुषा |
| ३६ | | | धनुषाधाम नगरपालिका, धनुषा |
| ३७ | | | नगराइन नगरपालिका, धनुषा |
| ३८ | | | विदेह नगरपालिका, धनुषा |
| ३९ | | | मिथिला नगरपालिका, धनुषा |
| ४० | | | शहीदनगर नगरपालिका, धनुषा |
| ४१ | | | सबैला नगरपालिका, धनुषा |
| ४२ | | | कमला नगरपालिका, धनुषा |
| ४३ | | | मिथिला बिहारी नगरपालिका, धनुषा |
| ४४ | | | हंसपुर नगरपालिका, धनुषा |
| ४५ | | | जनकनन्दिनी गाउँपालिका, धनुषा |
| ४६ | | | बटेश्वर गाउँपालिका, धनुषा |

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| ४७ | | | मुखियापट्टी मुसहरमिया गाउँपालिका, धनुषा |
| ४८ | | | लक्ष्मीनिया गाउँपालिका, धनुषा |
| ४९ | | | औरही गाउँपालिका, धनुषा |
| ५० | | | जलेश्वर नगरपालिका, महोत्तरी |
| ५१ | | | बर्दिबास नगरपालिका, महोत्तरी |
| ५२ | | | गौशाला नगरपालिका, महोत्तरी |
| ५३ | | | लोहरपट्टी नगरपालिका, महोत्तरी |
| ५४ | | | रामगोपालपुर नगरपालिका, महोत्तरी |
| ५५ | | | मनराशिसवा नगरपालिका, महोत्तरी |
| ५६ | | | मटिहानी नगरपालिका, महोत्तरी |
| ५७ | | महोत्तरी | भँगाहा नगरपालिका, महोत्तरी |
| ५८ | | | बलवा नगरपालिका, महोत्तरी |
| ५९ | | | औरही नगरपालिका, महोत्तरी |
| ६० | | | एकडारा गाउँपालिका, महोत्तरी |
| ६१ | | | सोनमा गाउँपालिका, महोत्तरी |
| ६२ | मधेश प्रदेश | | साम्सी गाउँपालिका, महोत्तरी |
| ६३ | | | महोत्तरी गाउँपालिका, महोत्तरी |
| ६४ | | | पिपरा गाउँपालिका, महोत्तरी |
| ६५ | | | ईश्वरपुर नगरपालिका, सर्लाही |
| ६६ | | | मलंगवा नगरपालिका, सर्लाही |
| ६७ | | | लालबन्दी नगरपालिका, सर्लाही |
| ६८ | | | हरिपुर नगरपालिका, सर्लाही |
| ६९ | | | हरिपुर्वा नगरपालिका, सर्लाही |
| ७० | | | हरिवन नगरपालिका, सर्लाही |

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| ७१ | | सर्लाही | बरहथवा नगरपालिका, सर्लाही |
| ७२ | | | बलरा नगरपालिका, सर्लाही |
| ७३ | | | गोडैटा नगरपालिका, सर्लाही |
| ७४ | | | बागमती नगरपालिका, सर्लाही |
| ७५ | | | कविलासी नगरपालिका, सर्लाही |
| ७६ | | | चक्रघट्टा गाउँपालिका, सर्लाही |
| ७७ | | | चन्द्रनगर गाउँपालिका, सर्लाही |
| ७८ | | | धनकौल गाउँपालिका, सर्लाही |
| ७९ | | | ब्रह्मपुरी गाउँपालिका, सर्लाही |
| ८० | | | रामनगर गाउँपालिका, सर्लाही |
| ८१ | | | विष्णु गाउँपालिका, सर्लाही |
| ८२ | | | कौडेना गाउँपालिका, सर्लाही |
| ८३ | | रौतहट | चन्द्रपुर नगरपालिका, रौतहट |
| ८४ | | | गरुडा नगरपालिका, रौतहट |
| ८५ | | | गौर नगरपालिका, रौतहट |
| ८६ | | | बौधीमाई नगरपालिका, रौतहट |
| ८७ | | | बृन्दावन नगरपालिका, रौतहट |
| ८८ | | | देवाही गोनाही नगरपालिका, रौतहट |
| ८९ | | | गढीमाई नगरपालिका, रौतहट |
| ९० | | | गजुरा नगरपालिका, रौतहट |
| ९१ | | | कटहरिया नगरपालिका, रौतहट |
| ९२ | | | माधवनारायण नगरपालिका, रौतहट |
| ९३ | | | मौलापुर नगरपालिका, रौतहट |
| ९४ | | | फतुवाबिजयपुर नगरपालिका, रौतहट |

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| ९५ | | | ईशनाथ नगरपालिका, रौतहट |
| ९६ | | | परोहा नगरपालिका, रौतहट |
| ९७ | | | राजपुर नगरपालिका, रौतहट |
| ९८ | | | दुर्गाभगवती गाउँपालिका, रौतहट |
| ९९ | | बारा | कलैया उपमहानगरपालिका, बारा |
| १०० | | | कोल्हवी नगरपालिका, बारा |
| १०१ | | | निजगढ नगरपालिका, बारा |
| १०२ | | | महागढीमाई नगरपालिका, बारा |
| १०३ | | | सिम्रौनगढ नगरपालिका, बारा |
| १०४ | | | पचरौता नगरपालिका, बारा |
| १०५ | | | आदर्श कोटवाल गाउँपालिका, बारा |
| १०६ | | | करैयामाई गाउँपालिका, बारा |
| १०७ | | | देवताल गाउँपालिका, बारा |
| १०८ | | | परवानीपुर गाउँपालिका, बारा |
| १०९ | | | प्रसौनी गाउँपालिका, बारा |
| ११० | | | फेटा गाउँपालिका, बारा |
| १११ | | | बारागढी गाउँपालिका, बारा |
| ११२ | | | सुवर्ण गाउँपालिका, बारा |
| ११३ | | पर्सा | वीरगञ्ज महानगरपालिका, पर्सा |
| ११४ | | | पोखरिया नगरपालिका, पर्सा |
| ११५ | | | बहुदरमाई नगरपालिका, पर्सा |
| ११६ | | | पर्सागढी नगरपालिका, पर्सा |
| ११७ | | | ठोरी गाउँपालिका, पर्सा |
| ११८ | | | जगरनाथपुर गाउँपालिका, पर्सा |

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| ११९ | | | धोबीनी गाउँपालिका, पर्सा |
| १२० | | | छिपहरमाई गाउँपालिका, पर्सा |
| १२१ | | | पकाहा मैनपुर गाउँपालिका, पर्सा |
| १२२ | | | सखुवा प्रसौनी गाउँपालिका, पर्सा |
| १२३ | | | पटेर्वा सुगौली गाउँपालिका, पर्सा |
| १२४ | | | कालिकामाई गाउँपालिका, पर्सा |

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| १ | | सिन्धुली | कमलामाई नगरपालिका, सिन्धुली |
| २ | | | दुधौली नगरपालिका, सिन्धुली |
| ३ | | | गोलञ्जर गाउँपालिका, सिन्धुली |
| ४ | | | घ्याङलेख गाउँपालिका, सिन्धुली |
| ५ | | | तीनपाटन गाउँपालिका, सिन्धुली |
| ६ | | | फिक्कल गाउँपालिका, सिन्धुली |
| ७ | | | मरिण गाउँपालिका, सिन्धुली |
| ८ | | | सुनकोशी गाउँपालिका, सिन्धुली |
| ९ | | | हरिहरपुरगढी गाउँपालिका, सिन्धुली |
| १० | | रामेछाप | मन्थली नगरपालिका, रामेछाप |
| ११ | | | रामेछाप नगरपालिका, रामेछाप |
| १२ | | | उमाकुण्ड गाउँपालिका, रामेछाप |
| १३ | | | खाँडादेवी गाउँपालिका, रामेछाप |
| १४ | | | गोकुलगङ्गा गाउँपालिका, रामेछाप |
| १५ | | | दोरम्बा गाउँपालिका, रामेछाप |
| १६ | | | लिखु तामाकोशी गाउँपालिका, रामेछाप |
| १७ | | | सुनापती गाउँपालिका, रामेछाप |
| १८ | | दोलखा | गौरीशङ्कर गाउँपालिका, दोलखा |
| १९ | | | तामाकोशी गाउँपालिका, दोलखा |
| २० | | | बिगु गाउँपालिका, दोलखा |
| २१ | | | बैतेश्वर गाउँपालिका, दोलखा |
| २२ | | | शैलुङ्ग गाउँपालिका, दोलखा |

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| २३ | | | चौतारा साँगाचोकगढी नगरपालिका, सिन्धुपाल्चोक |
| २४ | | | बाह्रविसे नगरपालिका, सिन्धुपाल्चोक |
| २५ | | | मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक |
| २६ | | | ईन्द्रावती गाउँपालिका, सिन्धुपाल्चोक |
| २७ | | | जुगल गाउँपालिका, सिन्धुपाल्चोक |
| २८ | | सिन्धुपाल्चोक | पाँचपोखरी थाङपाल गाउँपालिका, सिन्धुपाल्चोक |
| २९ | | | बलेफी गाउँपालिका, सिन्धुपाल्चोक |
| ३० | | | भोटेकोशी गाउँपालिका, सिन्धुपाल्चोक |
| ३१ | | | लिसङ्खु पाखर गाउँपालिका, सिन्धुपाल्चोक |
| ३२ | | | सुनकोशी गाउँपालिका, सिन्धुपाल्चोक |
| ३३ | | | त्रिपुरासुन्दरी गाउँपालिका, सिन्धुपाल्चोक |
| ३४ | | काभ्रेपलाञ्चोक | भुम्लु गाउँपालिका, काभ्रेपलाञ्चोक |
| ३५ | | ललितपुर | बागमती गाउँपालिका, ललितपुर |
| ३६ | | | काठमाण्डौं महानगरपालिका, काठमाडौं |
| ३७ | | | कागेश्वरी मनोहरा नगरपालिका, काठमाडौं |
| ३८ | | | कीर्तिपुर नगरपालिका, काठमाडौं |
| ३९ | | काठमाण्डौं | तारकेश्वर नगरपालिका, काठमाडौं |
| ४० | | | नागार्जुन नगरपालिका, काठमाडौं |
| ४१ | बागमती प्रदेश | | बुढानिलकण्ठ नगरपालिका, काठमाडौं |
| ४२ | | | शङ्खरापुर नगरपालिका, काठमाडौं |
| ४३ | | | विदुर नगरपालिका, नुवाकोट |
| ४४ | | | बेलकोटगढी नगरपालिका, नुवाकोट |
| ४५ | | | ककनी गाउँपालिका, नुवाकोट |
| ४६ | | | किस्पाङ गाउँपालिका, नुवाकोट |
| ४७ | | | तादी गाउँपालिका, नुवाकोट |

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| ४८ | | नुवाकोट | तारकेश्वर गाउँपालिका, नुवाकोट |
| ४९ | | | दुप्चेश्वर गाउँपालिका, नुवाकोट |
| ५० | | | पञ्चकन्या गाउँपालिका, नुवाकोट |
| ५१ | | | लिखु गाउँपालिका, नुवाकोट |
| ५२ | | | मेघाङ गाउँपालिका, नुवाकोट |
| ५३ | | | शिवपुरी गाउँपालिका, नुवाकोट |
| ५४ | | | सूर्यगढी गाउँपालिका, नुवाकोट |
| ५५ | | रसुवा | उत्तरगया गाउँपालिका, रसुवा |
| ५६ | | | कालिका गाउँपालिका, रसुवा |
| ५७ | | | गोसाइकुण्ड गाउँपालिका, रसुवा |
| ५८ | | | नौकुण्ड गाउँपालिका, रसुवा |
| ५९ | | | आमाछोदिङमो गाउँपालिका, रसुवा |
| ६० | | धादिङ | निलकण्ठ नगरपालिका, धादिङ |
| ६१ | | | खनियाबास गाउँपालिका, धादिङ |
| ६२ | | | गजुरी गाउँपालिका, धादिङ |
| ६३ | | | गल्छी गाउँपालिका, धादिङ |
| ६४ | | | गङ्गाजमुना गाउँपालिका, धादिङ |
| ६५ | | | ज्वालामूखी गाउँपालिका, धादिङ |
| ६६ | | | थाक्रे गाउँपालिका, धादिङ |
| ६७ | | | नेत्रावति डबजोङ गाउँपालिका, धादिङ |
| ६८ | | | बेनीघाट रोराङ्ग गाउँपालिका, धादिङ |
| ६९ | | | रुवी भ्याली गाउँपालिका, धादिङ |
| ७० | | मकवानपुर | हेटौंडा उपमहानगरपालिका, मकवानपुर |
| ७१ | | | थाहा नगरपालिका, मकवानपुर |
| ७२ | | | कैलाश गाउँपालिका, मकवानपुर |

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| ७३ | | | भीमफेदी गाउँपालिका, मकवानपुर |
| ७४ | | | मनहरि गाउँपालिका, मकवानपुर |
| ७५ | | | राक्सिराङ्ग गाउँपालिका, मकवानपुर |
| ७६ | | | भरतपुर महानगरपालिका, चितवन |
| ७७ | | | कालिका नगरपालिका, चितवन |
| ७८ | | चितवन | खैरहनी नगरपालिका, चितवन |
| ७९ | | | माडी नगरपालिका, चितवन |
| ८० | | | रत्ननगर नगरपालिका, चितवन |

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| १ | गण्डकी प्रदेश | गोरखा | गोरखा नगरपालिका, गोरखा |
| २ | | | पालुङ्गटार नगरपालिका, गोरखा |
| ३ | | | बारपाक सुलीकोट गाउँपालिका, गोरखा |
| ४ | | | सिरानचोक गाउँपालिका, गोरखा |
| ५ | | | अजिरकोट गाउँपालिका, गोरखा |
| ६ | | | आरूघाट गाउँपालिका, गोरखा |
| ७ | | | गण्डकी गाउँपालिका, गोरखा |
| ८ | | | धार्चे गाउँपालिका, गोरखा |
| ९ | | | भीमसेनथापा गाउँपालिका, गोरखा |
| १० | | | शहिदलखन गाउँपालिका, गोरखा |
| ११ | | लमजुङ | बेसीशहर नगरपालिका, लमजुङ |
| १२ | | | मध्यनेपाल नगरपालिका, लमजुङ |
| १३ | | | राइनास नगरपालिका, लमजुङ |
| १४ | | | सुन्दरबजार नगरपालिका, लमजुङ |
| १५ | | | क्व्होलासोथार गाउँपालिका, लमजुङ |
| १६ | | | दूधपोखरी गाउँपालिका, लमजुङ |
| १७ | | | दोर्दी गाउँपालिका, लमजुङ |
| १८ | | | मर्स्याङ्गदी गाउँपालिका, लमजुङ |
| १९ | | म्याग्दी | बेनी नगरपालिका, म्याग्दी |
| २० | | | अन्नपूर्ण गाउँपालिका, म्याग्दी |
| २१ | | | धौलागिरी गाउँपालिका, म्याग्दी |
| २२ | | | मङ्गला गाउँपालिका, म्याग्दी |

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| २३ | | | मालिका गाउँपालिका, म्याग्दी |
| २४ | | | रघुगंगा गाउँपालिका, म्याग्दी |
| २५ | | नवलपरासी (सुस्तापूर्व) | देवचुली नगरपालिका, नवलपरासी (सुस्तापूर्व) |
| २६ | | | मध्यविन्दु नगरपालिका, नवलपरासी (सुस्तापूर्व) |
| २७ | | | बौंदीकाली गाउँपालिका, नवलपरासी (सुस्तापूर्व) |
| २८ | | | बुलिङटार गाउँपालिका, नवलपरासी (सुस्तापूर्व) |
| २९ | | | हुप्सेकोट गाउँपालिका, नवलपरासी (सुस्तापूर्व |

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| १ | | गुल्मी | मुसिकोट नगरपालिका, गुल्मी |
| २ | | | रेसुङ्गा नगरपालिका, गुल्मी |
| ३ | | | ईश्मा गाउँपालिका, गुल्मी |
| ४ | | | कालीगण्डकी गाउँपालिका, गुल्मी |
| ५ | | | गुल्मी दरबार गाउँपालिका, गुल्मी |
| ६ | | | सत्यवती गाउँपालिका, गुल्मी |
| ७ | | | चन्द्रकोट गाउँपालिका, गुल्मी |
| ८ | | | रुरु गाउँपालिका, गुल्मी |
| ९ | | | छत्रकोट गाउँपालिका, गुल्मी |
| १० | | | धुर्कोट गाउँपालिका, गुल्मी |
| ११ | | | मदाने गाउँपालिका, गुल्मी |
| १२ | | | मालिका गाउँपालिका, गुल्मी |
| १३ | | रुपन्देही | बुटवल उपमहानगरपालिका, रुपन्देही |
| १४ | | नवलपरासी (सुस्ता पश्चिम | बर्दघाट नगरपालिका, नवलपरासी (सुस्ता पश्चिम) |
| १५ | | | रामग्राम नगरपालिका, नवलपरासी (सुस्ता पश्चिम) |
| १६ | | | सुनवल नगरपालिका, नवलपरासी (सुस्ता पश्चिम) |
| १७ | | | सुस्ता गाउँपालिका, नवलपरासी (सुस्ता पश्चिम) |
| १८ | | | पाल्हीनन्दन गाउँपालिका, नवलपरासी (सुस्ता पश्चिम) |
| १९ | | | प्रतापपुर गाउँपालिका, नवलपरासी (सुस्ता पश्चिम) |
| २० | | | सरावल गाउँपालिका, नवलपरासी (सुस्ता पश्चिम) |
| २१ | | | कपिलवस्तु नगरपालिका, कपिलवस्तु |
| २२ | | | बुद्धभूमि नगरपालिका, कपिलवस्तु |
| २३ | | | शिवराज नगरपालिका, कपिलवस्तु |

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| २४ | | कपिलबस्तु | महाराजगञ्ज नगरपालिका, कपिलवस्तु |
| २५ | | | कृष्णनगर नगरपालिका, कपिलवस्तु |
| २६ | | | बाणगंगा नगरपालिका, कपिलवस्तु |
| २७ | | | मायादेवी गाउँपालिका, कपिलवस्तु |
| २८ | | | यशोधरा गाउँपालिका, कपिलवस्तु |
| २९ | | | सुद्धोधन गाउँपालिका, कपिलवस्तु |
| ३० | | | विजयनगर गाउँपालिका, कपिलवस्तु |
| ३१ | | अर्घाखाची | सन्धिखर्क नगरपालिका, अर्घाखाँची |
| ३२ | | | शितगंगा नगरपालिका, अर्घाखाँची |
| ३३ | | | भूमिकास्थान नगरपालिका, अर्घाखाँची |
| ३४ | | | छत्रदेव गाउँपालिका, अर्घाखाँची |
| ३५ | | | पाणिनी गाउँपालिका, अर्घाखाँची |
| ३६ | | | मालारानी गाउँपालिका, अर्घाखाँची |
| ३७ | लुम्बिनी प्रदेश | प्युठान | प्यूठान नगरपालिका, प्यूठान |
| ३८ | | | स्वर्गद्वारी नगरपालिका, प्यूठान |
| ३९ | | | गौमूखी गाउँपालिका, प्यूठान |
| ४० | | | माण्डवी गाउँपालिका, प्यूठान |
| ४१ | | | सरुमारानी गाउँपालिका, प्यूठान |
| ४२ | | | मल्लरानी गाउँपालिका, प्यूठान |
| ४३ | | | नौबहिनी गाउँपालिका, प्यूठान |
| ४४ | | | झिमरुक गाउँपालिका, प्यूठान |
| ४५ | | | ऐरावती गाउँपालिका, प्यूठान |
| ४६ | | | रोल्पा नगरपालिका, रोल्पा |
| ४७ | | | त्रिवेणी गाउँपालिका, रोल्पा |
| ४८ | | | गंगादेव गाउँपालिका, रोल्पा |
| ४९ | | | माडी गाउँपालिका, रोल्पा |

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| ५० | | रोल्पा | रुन्टीगढी गाउँपालिका, रोल्पा |
| ५१ | | | लुङग्री गाउँपालिका, रोल्पा |
| ५२ | | | सुनिल स्मृती गाउँपालिका, रोल्पा |
| ५३ | | | परिवर्तन गाउँपालिका, रोल्पा |
| ५४ | | | थवाङ गाउँपालिका, रोल्पा |
| ५५ | | रुकुम (पूर्व) | पुथा उत्तरगंगा गाउँपालिका रुकुम (पूर्व) |
| ५६ | | | भूमे गाउँपालिका, रुकुम (पूर्व) |
| ५७ | | | सिस्ने गाउँपालिका, रुकुम (पूर्व) |
| ५८ | | दाङ | तुल्सीपुर उपमहानगरपालिका, दाङ |
| ५९ | | | घोराही उपमहानगरपालिका, दाङ |
| ६० | | | लमही नगरपालिका, दाङ |
| ६१ | | | बंगलाचुली गाउँपालिका, दाङ |
| ६२ | | | दंगीशरण गाउँपालिका, दाङ |
| ६३ | | | गढवा गाउँपालिका, दाङ |
| ६४ | | | राजपुर गाउँपालिका, दाङ |
| ६५ | | | शान्तिनगर गाउँपालिका, दाङ |
| ६६ | | | बबई गाउँपालिका, दाङ |
| ६७ | | बाँके | कोहलपुर नगरपालिका, बाँके |
| ६८ | | | नरैनापुर गाउँपालिका, बाँके |
| ६९ | | | राप्तीसोनारी गाउँपालिका, बाँके |
| ७० | | | खजुरा गाउँपालिका, बाँके |
| ७१ | | | डुडुवा गाउँपालिका, बाँके |
| ७२ | | | जानकी गाउँपालिका, बाँके |
| ७३ | | | गुलरिया नगरपालिका, बर्दिया |
| ७४ | | | मधुवन नगरपालिका, बर्दिया |
| ७५ | | | राजापुर नगरपालिका, बर्दिया |

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| ७६ | | बर्दिया | ठाकुरबाबा नगरपालिका, बर्दिया |
| ७७ | | | बाँसगढी नगरपालिका, बर्दिया |
| ७८ | | | बारबर्दिया नगरपालिका, बर्दिया |
| ७९ | | | बढैयाताल गाउँपालिका, बर्दिया |
| ८० | | | गेरुवा गाउँपालिका, बर्दिया |

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| १ | | रुकुम (पश्चिम) | मुसिकोट नगरपालिका, रुकुम (पश्चिम) |
| २ | | | चौरजहारी नगरपालिका, रुकुम (पश्चिम) |
| ३ | | | आठबीसकोट नगरपालिका, रुकुम (पश्चिम) |
| ४ | | | बाँफीकोट गाउँपालिका, रुकुम (पश्चिम) |
| ५ | | | त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम) |
| ६ | | | सानीभेरी गाउँपालिका, रुकुम (पश्चिम) |
| ७ | | सल्यान | शारदा नगरपालिका, सल्यान |
| ८ | | | बाघचौर नगरपालिका, सल्यान |
| ९ | | | बनगाड कुपिण्डे नगरपालिका, सल्यान |
| १० | | | त्रिवेणी गाउँपालिका, सल्यान |
| ११ | | | कपुरकोट गाउँपालिका, सल्यान |
| १२ | | | छत्रेश्वरी गाउँपालिका, सल्यान |
| १३ | | | ढोरचौर गाउँपालिका, सल्यान |
| १४ | | | कुमाख गाउँपालिका, सल्यान |
| १५ | | | दार्मा गाउँपालिका, सल्यान |
| १६ | | सुर्खेत | बीरेन्द्रनगर नगरपालिका, सुर्खेत |
| १७ | | | भेरीगंगा नगरपालिका, सुर्खेत |
| १८ | | | गुर्भाकोट नगरपालिका, सुर्खेत |
| १९ | | | पञ्चपुरी नगरपालिका, सुर्खेत |
| २० | | | लेकवेशी नगरपालिका, सुर्खेत |
| २१ | | | चौकुने गाउँपालिका, सुर्खेत |
| २२ | | | बराहताल गाउँपालिका, सुर्खेत |
| २३ | | | चिङ्गाड गाउँपालिका, सुर्खेत |
| २४ | | | सिम्ता गाउँपालिका, सुर्खेत |
| २५ | | | नारायण नगरपालिका, दैलेख |
| २६ | | | दुल्लु नगरपालिका, दैलेख |
| २७ | | | चामुण्डा बिन्द्रासैनी नगरपालिका, दैलेख |
| २८ | | | आठबीस नगरपालिका, दैलेख |

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| २९ | कर्णाली प्रदेश | दैलेख | भगवतीमाई गाउँपालिका, दैलेख |
| ३० | | | गुराँस गाउँपालिका, दैलेख |
| ३१ | | | डुंगेश्वर गाउँपालिका, दैलेख |
| ३२ | | | नौमुले गाउँपालिका, दैलेख |
| ३३ | | | महावु गाउँपालिका, दैलेख |
| ३४ | | | भैरवी गाउँपालिका, दैलेख |
| ३५ | | | ठाँटीकाँध गाउँपालिका, दैलेख |
| ३६ | | जाजरकोट | भेरी नगरपालिका, जाजरकोट |
| ३७ | | | छेडागाड नगरपालिका, जाजरकोट |
| ३८ | | | नलगाड नगरपालिका, जाजरकोट |
| ३९ | | | बारेकोट गाउँपालिका, जाजरकोट |
| ४० | | | कुसे गाउँपालिका, जाजरकोट |
| ४१ | | | जुनीचाँदे गाउँपालिका, जाजरकोट |
| ४२ | | | शिवालय गाउँपालिका, जाजरकोट |
| ४३ | | डोल्पा | ठूलीभेरि नगरपालिका, डोल्पा |
| ४४ | | | त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा |
| ४५ | | | डोल्पोबुद्ध गाउँपालिका, डोल्पा |
| ४६ | | | शे–फोक्सुन्डो गाउँपालिका, डोल्पा |
| ४७ | | | जगदुल्ला गाउँपालिका, डोल्पा |
| ४८ | | | मुड्केचुला गाउँपालिका, डोल्पा |
| ४९ | | | काइके गाउँपालिका, डोल्पा |
| ५० | | | छार्का ताङसोङ गाउँपालिका, डोल्पा |
| ५१ | | जुम्ला | चन्दननाथ नगरपालिका, जुम्ला |
| ५२ | | | कनकासुन्दरी गाउँपालिका, जुम्ला |
| ५३ | | | सिंजा गाउँपालिका, जुम्ला |
| ५४ | | | हिमा गाउँपालिका, जुम्ला |
| ५५ | | | तिला गाउँपालिका, जुम्ला |
| ५६ | | | गुठीचौर गाउँपालिका, जुम्ला |
| ५७ | | | तातोपानी गाउँपालिका, जुम्ला |
| ५८ | | | पातारासी गाउँपालिका, जुम्ला |

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| ५९ | | कालिकोट | खाँडाचक्र नगरपालिका, कालिकोट |
| ६० | | | रास्कोट नगरपालिका, कालिकोट |
| ६१ | | | तिलागुफा नगरपालिका, कालिकोट |
| ६२ | | | पचाल झरना गाउँपालिका, कालिकोट |
| ६३ | | | सान्नी त्रिवेणी गाउँपालिका, कालिकोट |
| ६४ | | | नरहरिनाथ गाउँपालिका, कालिकोट |
| ६५ | | | शुभ कालिका गाउँपालिका, कालिकोट |
| ६६ | | | महावै गाउँपालिका, कालिकोट |
| ६७ | | | पलाता गाउँपालिका, कालिकोट |
| ६८ | | मुगु | छायाँनाथ रारा नगरपालिका, मुगु |
| ६९ | | | मुगुम कार्मारोंग गाउँपालिका, मुगु |
| ७० | | | सोरु गाउँपालिका, मुगु |
| ७१ | | | खत्याड गाउँपालिका, मुगु |
| ७२ | | हुम्ला | सिमीकोट गाउँपालिका, हुम्ला |
| ७३ | | | नाम्खा गाउँपालिका, हुम्ला |
| ७४ | | | खार्पुनाथ गाउँपालिका, हुम्ला |
| ७५ | | | सर्केगाड गाउँपालिका, हुम्ला |
| ७६ | | | चंखेली गाउँपालिका, हुम्ला |
| ७७ | | | अदानचुली गाउँपालिका, हुम्ला |
| ७८ | | | ताँजाकोट गाउँपालिका, हुम्ला |

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| १ | | बाजुरा | बडीमालिका नगरपालिका, बाजुरा |
| २ | | | त्रिवेणी नगरपालिका, बाजुरा |
| ३ | | | बुढीगंगा नगरपालिका, बाजुरा |
| ४ | | | बुढीनन्दा नगरपालिका, बाजुरा |
| ५ | | | गौमुल गाउँपालिका, बाजुरा |
| ६ | | | जगन्नाथ गाउँपालिका, बाजुरा |
| ७ | | | स्वामीकार्तिक गाउँपालिका, बाजुरा |
| ८ | | | खसड छेडेदह गाउँपालिका, बाजुरा |
| ९ | | | हिमाली गाउँपालिका, बाजुरा |
| १० | | बझाङ | जयपृथ्वी नगरपालिका, बझाङ |
| ११ | | | बुंगल नगरपालिका, बझाङ |
| १२ | | | तलकोट गाउँपालिका, बझाङ |
| १३ | | | मष्टा गाउँपालिका, बझाङ |
| १४ | | | खसडछान्ना गाउँपालिका, बझाङ |
| १५ | | | थलारा गाउँपालिका, बझाङ |
| १६ | | | बित्थडचिर गाउँपालिका, बझाङ |
| १७ | | | सूर्मा गाउँपालिका, बझाङ |
| १८ | | | छबिसपाथिभेरा गाउँपालिका, बझाङ |
| १९ | | | दुर्गाथली गाउँपालिका, बझाङ |
| २० | | | केदारस्युँ गाउँपालिका, बझाङ |
| २१ | | | साइपाल गाउँपालिका, बझाङ |
| २२ | | अछाम | मंगलसेन नगरपालिका, अछाम |
| २३ | | | कमलबजार नगरपालिका, अछाम |
| २४ | | | साँफेबगर नगरपालिका, अछाम |
| २५ | | | पञ्चदेवल विनायक नगरपालिका, अछाम |
| २६ | | | चौरपाटी गाउँपालिका, अछाम |
| २७ | | | मेल्लेख गाउँपालिका, अछाम |

| सिं.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| | | | बान्निगढी जयगढ गाउँपालिका, अछाम |
| २९ | | | रामारोशन गाउँपालिका, अछाम |
| ३० | | | ढकारी गाउँपालिका, अछाम |
| ३१ | | | तुर्माखाँद गाउँपालिका, अछाम |
| ३२ | | | दिपायल सिलगढी नगरपालिका, डोटी |
| ३३ | | | शिखर नगरपालिका, डोटी |
| ३४ | | | पूर्वीचौकी गाउँपालिका, डोटी |
| ३५ | | | बडीकेदार गाउँपालिका, डोटी |
| ३६ | | डोटी | जोरायल गाउँपालिका, डोटी |
| ३७ | | | सायल गाउँपालिका, डोटी |
| ३८ | | | आदर्श गाउँपालिका, डोटी |
| ३९ | | | के.आई.सिंह गाउँपालिका, डोटी |
| ४० | | | बोगटान फुड्सिल गाउँपालिका, डोटी |
| ४१ | सुदुरपश्चिम प्रदेश | | धनगढी उपमहानगरपालिका, कैलाली |
| ४२ | | | घोडाघोडी नगरपालिका, कैलाली |
| ४३ | | | लम्कीचुहा नगरपालिका, कैलाली |
| ४४ | | | भजनी नगरपालिका, कैलाली |
| ४५ | | कैलाली | गोदावरी नगरपालिका, कैलाली |
| ४६ | | | गौरीगंगा नगरपालिका, कैलाली |
| ४७ | | | जानकी गाउँपालिका, कैलाली |
| ४८ | | | मोहन्याल गाउँपालिका, कैलाली |
| ४९ | | | कैलारी गाउँपालिका, कैलाली |
| ५० | | | चुरे गाउँपालिका, कैलाली |
| ५१ | | | भीमदत्त नगरपालिका, कञ्चनपुर |
| ५२ | | | वेदकोट नगरपालिका, कञ्चनपुर |
| ५३ | | कञ्चनपुर | महाकाली नगरपालिका, कञ्चनपुर |
| ५४ | | | शुक्लाफाँटा नगरपालिका, कञ्चनपुर |
| ५५ | | | कृष्णपुर नगरपालिका, कञ्चनपुर |
| ५६ | | | अमरगढी नगरपालिका, डडेलधुरा |
| ५७ | | | परशुराम नगरपालिका, डडेलधुरा |

| सि.नं | प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|---|
| ५८ | | डडेलधुरा | आलिताल गाउँपालिका, डडेलधुरा |
| ५९ | | | भागेश्वर गाउँपालिका, डडेलधुरा |
| ६० | | | नवदुर्गा गाउँपालिका, डडेलधुरा |
| ६१ | | | अजयमेरु गाउँपालिका, डडेलधुरा |
| ६२ | | | गन्यापधुरा गाउँपालिका, डडेलधुरा |
| ६३ | | बैतडी | दशरथचन्द नगरपालिका, बैतडी |
| ६४ | | | पाटन नगरपालिका, बैतडी |
| ६५ | | | मेलौली नगरपालिका, बैतडी |
| ६६ | | | पुर्चौडी नगरपालिका, बैतडी |
| ६७ | | | सुर्नया गाउँपालिका, बैतडी |
| ६८ | | | सिगास गाउँपालिका, बैतडी |
| ६९ | | | शिवनाथ गाउँपालिका, बैतडी |
| ७० | | | पञ्चेश्वर गाउँपालिका, बैतडी |
| ७१ | | | दोगडाकेदार गाउँपालिका, बैतडी |
| ७२ | | | डीलासैनी गाउँपालिका, बैतडी |
| ७३ | | दार्चुला | महाकाली नगरपालिका, दार्चुला |
| ७४ | | | शैल्यशिखर नगरपालिका, दार्चुला |
| ७५ | | | मालिकार्जुन गाउँपालिका, दार्चुला |
| ७६ | | | अपिहिमाल गाउँपालिका, दार्चुला |
| ७७ | | | दुहुँ गाउँपालिका, दार्चुला |
| ७८ | | | नौगाड गाउँपालिका, दार्चुला |
| ७९ | | | मार्मा गाउँपालिका, दार्चुला |
| ८० | | | लेकम गाउँपालिका, दार्चुला |
| ८१ | | | ब्याँस गाउँपालिका, दार्चुला |